(Notice no: RPLPMA-01-2082/083)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
मधेश प्रदेश कार्यालय
वसहिया रोड, जनकपुरधाम, धनुषा

शिक्षा तथा संस्कृति मन्त्रालय
मधेश प्रदेश

# सीप परीक्षणको आवेदन आह्वान सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०८२/०९/२५

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति (National Skill Testing Board-NSTB) बाट स्वीकृत राष्ट्रिय व्यावसायगत सीप प्रमाणिका अनुसार मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय /नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना दोस्रो(NVQS-PII) तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्,मधेश प्रदेश कार्यालयबाट पूर्व सिकाईको मान्यता (Recognition of Prior Learning-RPL) विधिद्वारा सहुलियत शुल्कमा सञ्चालन हुने एकाईगत दक्षता (Unit Competency) को सीप परीक्षण (परामर्श तथा सीप परीक्षण)मा सहभागी हुन चाहने स्वदेश वा वैदेशिक रोजगारको अनुभव प्राप्त नेपाली नागरिकहरूबाट आफूलाई पायक पर्ने तपसिल बमोजिमका आवेदन फारम संकलन केन्द्रहरु मध्ये कुनै एक केन्द्रमा आवेदन फाराम पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल:</u>

क) <u>आवेदन फाराम संकलन केन्द्र, परीक्षण हुने व्यवसाय र तह:</u>

| क्र. स. | फाराम संकलन केन्द्र | सम्पर्क न. | व्यवसाय | तह |
|---|---|---|---|---|
| १. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, प्रदेश कार्यालय, जनकपुरधाम, धनुषा | ०४१-५२८३८६<br>९८५४०२११९३<br>९८५४०२११८३ | प्लम्बर, मेशन (डकर्मी), वेल्डर,रेफ एण्ड एसी मेकानिक,सेल/मोबाईल फोन रिपेरर टेक्निसियन.<br>कम्प्युटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन, गार्मेन्ट फेब्रिकेटर | २ |
| २. | रोजगार सेवा केन्द्र, बरहथवा नगरपालिका, सर्लाही | ९७४५८२९६६५<br>९८६४०४११७२ | गार्मेन्ट फेब्रिकेटर | २ |
| ३. | रोजगार सेवा केन्द्र, इश्वरपुर नगरपालिकाको कार्यालय, सर्लाही | ९८४४०५१३९२ | मेशन (डकर्मी), प्लम्बर, कम्प्युटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन | २ |
| ४. | रोजगार सेवा केन्द्र, चन्द्रनगर गाउँपालिकाको कार्यालय, सर्लाही | ९८४४०८८४३० | मेशन (डकर्मी), वेल्डर, कम्प्युटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन, गार्मेन्ट फेब्रिकेटर | २ |

| | | | | |
|---|---|---|---|---|
| ५. | रोजगार सेवा केन्द्र, गोलबजार नगरपालिकाको कार्यालय, सिरहा | ९८५२८८३२००९, ९८१५७९११६४ | प्लम्बर, मेशन (डकर्मी), वेल्डर, सेल/मोबाईल फोन रिपेरर टेक्निसियन, रेफ एण्ड एसी मेकानिक | २ |
| ६. | लहान प्राविधिक शिक्षालय,लहान, सिरहा | ०३३-५६००१५ ९८५२८५२११५ | प्लम्बर, मेशन (डकर्मी), वेल्डर | २ |
| ७. | निर्मल लामा बहुप्राविधिक शिक्षालय बर्दिबास-११ खयरमारा,महोत्तरी | ९८५४०२१९४१, ९८४१३८७७५१ | प्लम्बर र मेशन (डकर्मी) | २ |
| ८. | बिरगंज इन्स्टिच्युट अफ टेक्नोलोजी बिरगंज, पर्सा | ९८५५०२०६९९ | मेशन (डकर्मी), वेल्डर, रेफ एण्ड एसी मेकानिक,सेल/मोबाईल फोन रिपेरर टेक्निसियन, कम्प्युटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन | २ |
| ९. | मेहता इन्फर्मेशन टेक्नोलोजी इन्स्टिच्युट, लहान, सिरहा | ९८४४६४२००० | सेल/मोबाईल फोन रिपेरर टेक्निसियन, रेफ एण्ड एसी मेकानिक, गार्मेन्ट फेब्रिकेटर | २ |
| १० | लर्ड बुद्ध सीप तथा तालिम केन्द्र, लालबन्दी,सर्लाही | ९८६४०२४९१९ | कम्प्युटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन, गार्मेन्ट फेब्रिकेटर | २ |
| ११ | वीरगंज उद्योग बाणिज्य संघ सीप विकास इकाई, वीरगंज | ९८४५२६३५०० | गार्मेन्ट फेब्रिकेटर | २ |

ख) <u>आवेदनको लागि न्यूनतम योग्यता:</u>

| | |
|---|---|
| तह २ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तिमा ३ वर्षको कार्य अनुभव भएको,<br>वा<br>सम्बन्धित व्यवसायमा तह १ को सीप परीक्षण उत्तीर्ण भई सम्बन्धित पेशामा १ वर्षको कार्य अनुभव भएको, |

ग) **आवेदन तथा रजिष्ट्रेशन शुल्क:** रु. २७० मात्र (आवेदकले व्यहोर्ने सीप परीक्षण फाराम बुझाउने रामयमा)

घ) सीप परीक्षणमा सहभागीले आवेदन फाराम भर्दा पालना गर्नु पर्ने शर्तहरू:

१) यस सूचना तथा आवेदन फाराम शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेशको वेबसाइट https://moec.madhesh.gov.np तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) मधेश प्रदेशको वेवसाइट https://ctevtp2.org.np बाट डाउनलोड गर्न तथा तोकिएको केन्द्रहरूबाट प्राप्त गर्न सकिनेछ ।

२) आवेदन फाराम तोकिएको केन्द्रमा मिति २०८२।१०।२५ गते भित्र बुझाउनु पर्नेछ । आवेदन फाराम बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलि पल्ट सम्म बुझाउन सकिनेछ।

३) आवेदन फारामको साथ पासपोर्ट साइजको हालसालै खिचिएको एकै किसिमको फोटो २ प्रति, नागरिकता प्रमाण पत्रको प्रतिलिपि र अनुभवको प्रमाणपत्र (अनुभवको प्रमाणपत्रको हकमा नेपाल सरकार, वा अर्ध सरकारी संस्था वा नेपाल सरकारमा दर्ता VAT/PAN नम्बर प्राप्त निजी रोजगारदाता संस्था/उद्योग/व्यवसायीले सम्बन्धित पेशा /व्यवसायमा काम गरेको वा गरिरहेको स्पष्ट खुलाइएको अवधि सहितको प्रमाणपत्र वा कार्य अनुभवको सक्कल प्रति पेश गर्नु पर्नेछ)। अनुभव १६ वर्ष उमेर पछिको मात्र मान्य हुनेछ ।

४) स्थानिय स्तरमा स्वरोजगार भई कार्य अनुभव भएका व्यक्तिले अनुभवको प्रमाणपत्रको हकमा आफु कार्यरत स्थानिय तहको सक्कलै सिफारिस पत्र पेश गर्न सक्नेछन् ।

५) बैदेशिक रोजगारबाट फर्केका व्यक्तिले आवेदन फाराम भर्दा सीप परीक्षण गर्नुपर्ने पेशाको विदेशमा गरेको कामको अनुभवपत्र (अंग्रेजीमा अनुवादित गरिएको प्रति), पासपोर्ट र भिसाको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।

६) तोकिएको समयभित्र दर्ता नभएका र रित नपुगेका आवेदन फारामहरू स्वतः रद्द हुनेछन् ।

७) परामर्श सेवा तथा सीप परीक्षणको जानकारी SMS बाट समेत जानकारी गराइने छ । सीप परीक्षण केन्द्रबाट सहभागी आफै उपस्थित भई सीप परिक्षणको अघिल्लो दिन भित्र प्रवेशपत्र प्राप्त गर्न सकिनेछ । सम्पर्क मितिको भोलिपल्ट देखि नै सीप परीक्षण संचालन हुन सक्नेछ ।

८) परामर्शकर्ताको सिफारिस अनुसार सीप परीक्षणका लागि तयार भएका आवेदकले मात्र भौचर (सीप परीक्षणमा लाग्ने सामाग्री तथा अन्य खर्च) निशुल्कः प्राप्त गरी सीप परीक्षणमा सामेल हुन पाउने छन् ।

९) यस भन्दा पहिले सीप परीक्षणमा सहभागी भएका परीक्षार्थीहरूले पहिले सीप परीक्षणमा सहभागी हुँदाको रजिष्ट्रेशन नं. अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । यसरी दोहोऱ्याएर सीप परीक्षण दिनेहरूले आवेदन फारामको माथि पुनः परीक्षण भन्ने कोठामा चिन्ह लगाउनु पर्ने छ ।

१०) आवेदकले कुनै एक तह वा पेशामा मात्र आवेदन दिन पाउने छन् ।

११) सीप परीक्षण केन्द्रले आवेदन संकलन गर्दा आवश्यक कागजात पुगेको रुजु गरी **(आवेदन फाराम भर्ने अन्तिम मितिबाट पाँच दिन भित्र Online System बन्द हुने भएकाले)** उक्त अवधि भित्र अनलाइन फाराम इन्ट्री (प्रविष्ट) गरी परिषद् प्रदेश कार्यालयबाट अन्तिम रुजु भई सके पछि इन्ट्री (प्रविष्ट) बापत प्रति फाराम रु.७०।– का दरले कट्टा गरी बाँकी रकम जम्मा गर्ने केन्द्रको नाम र आवेदन संख्या स्पष्ट खुलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् मधेश प्रदेश कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक, पिडारी चौक, धनुषा शाखा को च. हि. खाता नं. १५२०१००००२६३८००१ मा रकम जम्मा गरी सक्कल भौचर स्क्यान कपि अपलोड गर्नु पर्नेछ ।

१२) यस सूचनामा उल्लेखित पेशा व्यवसायको सीप परीक्षण सम्बन्धित प्रमाणिकृत वा तोकिएको सीप परीक्षण केन्द्रमा सञ्चालन हुनेछ जसको जानकारी

**थप जानकारीको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् मधेश प्रदेशको मोबाइल नम्बर ९८५४०२११९४, ९८५४०२११८३ तथा नेपाल व्यावसायिक योग्यता प्रणाली, प्रदेश परियोजना सहयोग इकाईको सम्पर्क नम्बर ०४१-५९१४४०, ९८०७६८७३२४ मा सम्पर्क गर्न सकिने छ ।**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् मधेश प्रदेश कार्यालय जनकपुरधाम, २०७४

निर्देशक

सि.नं .........

☐ पुनः परीक्षणको लागि

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# राष्ट्रिय सीप परीक्षण समिति

## सीप परीक्षणको लागि दरखास्त फारम

कार्यालय प्रयोजनको लागी

पंजीकरण संख्या/(Reg.No) ☐ पंजीकरण मिति/(Reg.Date) ☐

सीप क्रमाङ्क/(Skill Symbol No) ☐ परीक्षण किसिम ☐ नियमित ☐ प्रायोजित

फोटो

श्रीमान् सदस्य सचिवज्यू,

त्यस समितिबाट मिति.........................मा लिईने सीप परीक्षणमा सम्मिलित हून मेरो नागरिकता, परीक्षण दिने व्यवसाय सम्बन्धी तालीम/अनुभवको प्रमाणित प्रतिलिपिहरु र दुई प्रति फोटो संलग्न गरी परीक्षण दस्तुर बुझाई निम्न विवरण सहित निवेदन पेश गरेको छु। नियमानुसार परीक्षणमा सहभागी हुन पाउं।

**व्यवसाय** ..................................................................................... **तहः** ......... **परीक्षण केन्द्रः**.......................................

१. निवेदकको पूरा नाम थर :

२. अंग्रेजी ठूलो अक्षरमा नाम थर :

जन्म मितिः (विक्रम सम्वतमा) २०.................. साल .......... महिना ........... गते (इस्वी सन्मा) २०.............साल .......... महिना ..........गते

**लिङ्गः** पुरुष/महिला/अन्य **जातिगत समुहः** दलित ☐ जनजाती ☐ अन्य ☐ **नागरिकताः**

प्रमाणपत्र नं.:
जारी जिल्लाः............................. मितिः...................

३ .बाबुको पूरा नाम, थरः **देवनागरीमा**

बाबुको पूरा नाम, थरः **अंग्रेजी ठूलो अक्षरमा**

४. **निवेदकको स्थायी ठेगानाः**

नेपालीमाः गा.पा./न.पा./महा.न.पा..........................................वडा.........व्लक नं...............जिल्ला.............................अंचल.........................

अंग्रेजीमाः RM/N/M.........................................Ward No............. Block No............ .........District..............................Zone.........................................

५. **पत्राचार गर्ने ठेगानाः** गा.पा/न.पा./महा.न.पा..............................वडा........व्लक नं.........जिल्ला...........................अंचल..................फोन ...............

६. **व्यवसाय सम्बन्धी विवरणः**

| सम्वन्धित व्यवसायमा तालिम लिएको अवधि | सम्बन्धित व्यवसायमा काम गरेको अवधि | बैदेशिक रोजगारबाट फर्केको भए |
|---|---|---|
| संस्थाको नामः<br>वर्ष ......... महिनाः...........(.......... घण्टा) | संस्थाको नामः<br>वर्ष ............... महिनाः ................ | देश र संस्थाको नामः<br>पासपोर्ट नं.:<br>काम गरेको वर्ष ............... महिनाः ................ |

७. सीप परीक्षणमा सामेल हुंदा रोजगारको अवस्थाः छ ( ), छैन ( ) भएमा क) स्वरोजगार ख) स्वदेशी रोजगार ग) बैदेशिक रोजगार

८. यस अघि सीप परीक्षण दिएको छ ( ), छैन ( ), दिएको भए व्यवसाय............................................................................. तह...............

परीक्षण मिति....................... केन्द्र.......................................................................... उर्त्तिण भएको भए : सैद्धान्तिक ( ) प्रयोगात्मक ( )

पंजीकरण संख्या.......................................सीप क्रमाङ्क........................................

९. यदि बैदेशिक रोजगारीमा जाने इच्छा भएमा जाने मुलुकको नाम : ........................................

१०. उल्लेखित विवरण वेबपेजमा राख्न मेरो पूर्ण मन्जूरी रहने छ।

११. उल्लेखित सबै विवरण ठीक साँचो हो, भुठा भएमा नियम बमोजिम सहुँला बुझाउँला।

.............................
मिति

.........................
निवेदक

| | | |
|---|---|---|
| सीप परीक्षण दस्तुर रु.: ..............<br>रसिद नं:...............<br>मितिः.............. | • उल्लेखित लेखिएको विवरण रुजु गरी हेर्दा निवेदक परीक्षण दिन योग्य/अयोग्य देखिएकोले निजको दरखास्त फाराम स्वीकृत/अस्वीकृत लागि सिफारिश गर्दछु।<br>• फाराम अस्वीकृत भए कारणः............................................. | |
| .....................<br>लेखा शाखा | ............................<br>सीप परीक्षण अधिकृत | ...........................<br>सदस्य सचिव<br>रा.सी.प. समिति |

सम्पर्क फोन नम्वरः ०१६६३८१५३,०१६६३५६९९,०१६६३५१९५, ९८५११६३९६४, ९८५११२७०८० फ्याक्सः ०१६६३८३५१ र वेबः www.nstb.org.np